# विरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विरुवा, स्याङ्जा

:9856052112, 9856052113
Biruwaruralmun@gmail.co
Biruwamun.gov.np

४ नं प्रदेश, नेपाल

सुचना नं. ३/०७४/७५

## चारपाङ्ग्रे सवारी साधन भाडामा लिने सम्वन्धि सूचना

(तेश्रो पटक प्रकाशित मिति: २०७४।०६।२)

यस कार्यालयलाई ग्रामिण सडकमा समेत चल्न सक्ने तपशिल बमोजिमको एक चार पाङ्ग्रे सवारी साधन पिकअप (चालक सहित) भाडामा लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले सातदिनभित्र सवारी साधन धनीहरुले सवारी साधनको अद्यावधिक कागजातहरु सहित सवारी साधन भाडामा दिन प्रस्ताव पेश गर्नूहून यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव सहित मासिक रुपमा कति मूल्यमा सवारी साधन (चालक सहित) उपलब्ध गराउन सक्ने हो, दररेट समेत खूलाई प्रस्ताव पेश गर्नूहून अनूरोध छ ।

१. कार्यालयले भााडामा लिनचाहेको सवारी साधन ग्रामिण (कच्ची) सडकमा समेत चल्ने डबल क्याब पिकअप हूनूपर्नेछ ।
२. सवारी साधनमा कम्तीमा ४ सिट भएको हूनूपर्नेछ ।
३. सवारी साधन ४ व्हीलर (4 Wheeler) हूनूपर्नेछ ।
४. सवारी साधन कार्यालय समय तथा समय बाहेक कूनै पनि समयमा (विदाको दिनसमेत) कार्यालयको कामको सिलसिलामा आवश्यक परेको स्थानमा जानूपर्नेछ ।
५. सवारी साधन र चालक भाडामा लिएको मिति देखि जूनसूकै समय कार्यालय रहेको स्थानमा उपलब्ध हूनूपर्नेछ ।
६. सवारी साधन कार्यालयको काम बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।
७. सवारी साधनको मर्मत सम्भार सवारी धनी स्वयम् आफैले गर्नूपर्नेछ ।
८. सवारी साधन राम्रो कन्डिसनमा भएको हूनूपर्नेछ ।
९. नया सवारी साधनलाई प्राथमिकता दिईनेछ ।
१०. सवारी साधनमा इन्धनको व्यवस्था कार्यालयले गरिदिनेछ ।
११. सवारी साधनको सवारी धनी प्रमाण पत्र नवीकरण गरेको हूनूपर्नेछ । सम्झौता अवधीमा नवीकरण गर्नू परेमा त्यसको दायित्व सवारी धनी स्वयमको हूनेछ ।
१२. सवारी चालक अनूभवी तथा भ्यालीड चारपाङ्ग्रे सवारी चालक अनूमति प्राप्त भएको हूनूपर्नेछ ।
१३. उल्लेखित शर्तमा मञ्जूर हूने सवारी धनीले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा सवारी धनी प्रमाणपत्र (ब्लू बूक), सवारी धनीको नेपालको नागरिकता को फोटोकपी सहित यस कार्यालमा दररेट समेत खूलाई निवेदन दिनूपर्नेछ ।
१४. सवारी साधन राख्ने नराख्ने अन्तिम निर्णय गाउँ कार्यपालिकाको कार्यालयमा निहीत हुनेछ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष